वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २७२ | २०८२ फागुन ०८ गते शुक्रबार, नेपाल सम्वत् ११४६ February 20, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-









**नसर्ने रोग सम्बन्धी स्क्रीनिङ :** राष्ट्रिय प्रजातन्त्र दिवस-२०८२ मुल समारोह समिति तनहुँले विहीबार बिहान दमौलीमा आयोजना गरेको नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम (नसर्ने रोग सम्बन्धी स्कीनिङ)मा सहभागिको स्वास्थ्य परीक्षण गरिदै । प्रदेश जनस्वास्थ्य कार्यालय, प्रदेश अस्पताल, प्रदेश आयुर्वेद चिकित्सालय र व्यास नगरपालिकालेको संयोजनमा स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । *तस्विर : भञ्ज्याङ*

# भानुको सत्रबिसे फाँटकुलोमा साना सिंचाइ योजना सम्पन्न

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिका-८ स्थित बेलटारको सत्रबिसे फाँटकुलो निर्माण कार्य सम्पन्न गरिएको छ । यस कुलोका लागि राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना अन्तर्गत परियोजना कार्यान्वयन इकाइ बरादीबाट साना सिँचाइ कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ का लागि उपभोक्ताको ३० हजार रूपैयाँ लागत सहभागिता सहित विनियोजित रू १ लाख ९५ हजार ६० बजेटबाट सत्रबिसे फाँटकुलो जल उपभोक्ता समिति, भानु नगरपालिका-८ मा ४४७, २०७९/०८० मा कृषि ज्ञान केन्द्रबाट रू २ लाख २० हजार ८७३, २०८१/०८२ मा बरादीबाट रू २ लाख ३४ हजार ५४३ तथा चालु आव २०८२/०८३ मा रू १ लाख ९५ हजार ६० बजेट प्राप्त भएको अध्यक्ष खतिवडाले जानकारी गराए ।

प्राप्त बजेटमा लागत सहभागितासमेत समावेश रहेको समितिले जनाएको छ। निरन्तर सहयोग र प्रभावकारी कार्यसम्पादनका कारण योजना सफलतापूर्वक कार्यान्वयन गर्न सम्भव भएको समितिले जनाएको छ ।

बजेट उपलब्ध गराउने



कुलो निर्माण कार्य सम्पन्न गरिएको समितिका अध्यक्ष विनोद खतिवडाले जानकारी गराए ।

अध्यक्ष खतिवडाका अनुसार प्राप्त बजेटबाट कुलो मर्मत तथा स्तरोन्नति गरिएको हो । उक्त योजनाबाट स्थानीय कृषकहरूलाई सिँचाइ सुविधा सहज भई कृषि उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको उनले बताए ।

समितिले विगत केही वर्षदेखि विभिन्न निकायबाट चरणबद्ध रूपमा बजेट प्राप्त गर्दै सिँचाइ पूर्वाधार सुधार कार्य गर्दै आएको जनाएको छ । विवरणअनुसार आर्थिक वर्ष २०७७/०७८ मा कृषि ज्ञान केन्द्रबाट रू ५ लाख ११ हजार ४६३, २०७८/०७९ मा बरादी कार्यान्वयन इकाइबाट रू २ लाख १९ हजार सम्बन्धित निकाय, कर्मचारी, जल उपभोक्ता समितिका अध्यक्ष तथा उपभोक्ताहरूलाई धन्यवाद व्यक्त गरेको छ । साथै संस्था दर्तादेखि प्रारम्भिक प्रक्रिया पूरा गर्न सहयोग गरी योजना माग गर्ने अवस्थासम्म पुऱ्याउन भूमिका निर्वाह गर्ने सीताराम बजगाईंप्रति पनि आभार प्रकट गरिएको छ ।

स्थानीय तह र सरोकारवाला निकायको समन्वयमा साना सिँचाइ पूर्वाधार विकास हुँदा कृषकलाई प्रत्यक्ष लाभ पुग्ने समितिका अध्यक्ष खतिवडाले विश्वास व्यक्त गरेका छन् । उनका अनुसार करिब १२५ रोपनी क्षेत्रफल खेतको सिंचाईका लागि करिब तीन सय मिटर लम्बाइको कुलो निर्माण सम्पन्न गरिएको छ ।

# दलका घोषणापत्रमा कृषि : एम्बुलेन्सदेखि एआईसम्म

ऋतु काफ्ले/काठमाडौं

आगामि फागुन २१ गतेको निर्वाचन नजिकिएसँगै राजनीतिक दलहरूले सार्वजनिक गरेका घोषणापत्र, प्रतिज्ञापत्र, वाचापत्र र प्रतिबद्धतापत्रमा यसपालि कृषिले अभूतपूर्व प्राथमिकता पाएको छ । परम्परागत खेती प्रणाली अन्त्य, मल कारखाना स्थापना र सिँचाइ सुनिश्चितता जस्ता विषयमा दलबीच अघोषित राष्ट्रिय सहमति देखिए पनि कार्यान्वयन मोडालिटीमा भने हरेकले आफ्नै 'ब्रान्ड' अघि सारेका छन् ।

ठूला भनिएका दलले 'औद्योगिक कृषि' र 'सामाजिक सुरक्षा' को सपना बाँड्दा नयाँ र साना दलले 'एग्रिटेक', 'भर्टिकल फार्मिङ' र 'नानो टेक्नोलोजी' जस्ता आधुनिक प्रविधि प्रयोग मार्फत कृषि क्रान्ति गर्ने महत्त्वाकांक्षी योजना अघि सारेका छन्। मुलुकको अर्थतन्त्रको मेरूदण्ड मानिने कृषि क्षेत्र सधैं सरकारी उपेक्षामा परेको गुनासो किसानले गरिरहँदा निर्वाचनका लागि मैदानमा उत्रिएका राजनीतिक दलले भने यसपालि कृषिलाई नै समृद्धिको प्रस्थानबिन्दु मानेका छन्।

नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायत दलले सार्वजनिक गरेका प्रतिबद्धतापत्र (घोषणापत्र)मा सबैको गन्तव्य 'आत्मनिर्भरता' भए पनि त्यहाँ पुग्ने बाटोमा भने दलहरूले आ-आफ्नै मौलिकता र रोचकता देखिन्छ । कसैले जंगली जनावरको आतंक रोक्ने वाचा गरेका छन् त कसैले सिधै खेतमा 'एम्बुलेन्स' कुदाउने र 'ड्रोन' उडाउने सपना देखाएका छन् ।

**नेपाली कांग्रेस : कृषि एम्बुलेन्स चलाउने, मल खरिदको क्यालेन्डर**

सबैभन्दा पुरानो लोकतान्त्रिक दल कांग्रेसले 'पेटभरी खुवाउने, देशलाई चिनाउने किसानको नेपाल' भन्ने नारासहित व्यावहारिक समस्या समाधानमा जोड दिएको छ । कांग्रेसले आगामी १० वर्षलाई 'कृषि, खाद्य तथा पोषण सुरक्षा दशक' घोषणामात्र गरेको छैन, स्रोत सुनिश्चितताका लागि स्थानीय सरकारले कुल बजेटको १५ प्रतिशत र प्रदेश सरकारले १० प्रतिशत रकम अनिवार्य कृषिमा लगानी गर्नुपर्ने बाध्यात्मक व्यवस्था गर्ने 'प्रतिज्ञा' गरेको छ ।

आर्थिक अभावले कोही पनि कृषिबाट भाग्न नपरोस् भन्दै पार्टीले 'परियोजना धितो' मा ऋण दिने नौलो नीति ल्याएको छ, जसमा साना किसानको श्रमलाई समेत पूँजीका रूपमा गणना गरिने छ ।

यस्तै कृषि बीमा भुक्तानी पनि १५ दिनमै गरिने भनेको छ । कांग्रेसले पहाडी किसानको सबैभन्दा ठूलो टाउको दुखाइ बनेको बाँदर, बँदेल, नीलगाई र कृषि हानिकारक जनावर आतंक नियन्त्रणलाई चुनावी एजेन्डा बनाएको छ, जुन अन्य दलको प्राथमिकतामा कमै परेको देखिन्छ।

खेतबारीबाट ताजा उत्पादन बजारसम्म पुऱ्याउन 'कृषि एम्बुलेन्स' चलाउने, मल खरिदको 'क्यालेन्डर' बनाएर समयमै मल दिने र सिँचाइका लागि बिजुलीमा ५० प्रतिशत अनुदान दिने कांग्रेसको योजना छ। 'फार्म टु मार्केट' अवधारणा, भूमि बैंक स्थापना र मध्यपूर्वी देशमा तरकारी निर्यात गर्ने योजनाले कांग्रेसलाई व्यावहारिक धरातलमा उभ्याउन खोजेको देखिन्छ।

**नेकपा एमाले : आधुनिक खेती, उन्नत व्यवसाय**

नेकपा एमालेले कृषिलाई अर्थतन्त्रको मुख्य इन्जिन मान्दै संरचनागत रूपान्तरणको खाका कोरेको छ। 'आधुनिक खेती, उन्नत व्यवसाय' भन्ने नारासहित एमालेले आगामी ५ वर्षभित्र अर्थतन्त्रको आकार १ सय खर्ब पुऱ्याउने आधार कृषिलाई नै मानेको छ।

एमालेले उत्पादनमा आधारित अनुदान, हरेक वडामा कृषि प्राविधिकको व्यवस्था र ७५ प्रतिशत जमिनमा सिँचाइ सुविधा पुऱ्याउने वाचा गरेको छ । सुनकोशी-मरिनजस्ता ठूला डाइभर्सन आयोजना मार्फत तराईका फाँटमा बाह्रै महिना पानी पुऱ्याउने र गाउँलाई उत्पादनको केन्द्र तथा सहरलाई बजार र प्रशोधनको केन्द्र (एग्रो प्रोसेसिङ जोन) बनाउने एमालेको रणनीति छ ।




उसले कृषिलाई निर्वाहमुखीबाट औद्योगिक चरणमा प्रवेश गराउन जमिनको चक्लाबन्दी र करार खेतीको कानुन ल्याउने प्रतिबद्धता जनाएको छ ।

बाँकी अन्तिम पेजमा

# गणित शिक्षा परिषद् तनहुँद्वारा गणितीय हाजिरीजवाफ प्रतियोगिता

## २१ समूहको सहभागिता, सत्यवती मावि प्रथम

भञ्ज्याङ समाचारदाता/दमौली

गणित शिक्षा परिषद् तनहुँको आयोजनामा गणितीय हाजिरीजवाफ प्रतियोगिता सत्यवती माध्यमिक विद्यालय दमौलीमा सम्पन्न गरिएको छ । परिषद्का अध्यक्ष अनिल श्रेष्ठको गिरीको अध्यक्षतामा आयोजित प्रतियोगिताको शुभारम्भ गर्दै व्यास नगरपालिकाका नगर प्रमुख बैकुण्ठ न्यौपाने यस्ता कार्यक्रमले विद्यार्थीको अन्तरनिहित प्रतिभाको प्रस्फुटनमा टेवा पुग्ने विश्वास व्यक्त गरेका छन् । कार्यक्रम व्यास-२ का वडा अध्यक्ष



अध्यक्षतामा आयोजित कार्यक्रममा तनहुँ जिल्लाका विभिन्न विद्यालयका २१ समूहको उत्साहजनक सहभागिता रहेको थियो ।

सत्यवती माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष रमेश काशीराम श्रेष्ठ र परिषद्का केन्द्रीय सदस्य नरेन्द्रनाथ न्यौपाने, व्यास नगरपालिकाको शिक्षा शाखाका किशोर बास्तोला, गण्डकी प्रदेश अध्यक्ष वेदप्रसाद शर्मा तथा महासचिव सन्तोष

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# औद्योगिक ग्रामलाई व्यवस्थित बनाऔं

नेपाल सरकारले आर्थिक वर्ष २०७६/०७७ देखि अघि सारेको 'एक स्थानीय तहः एक औद्योगिक ग्राम' नीति स्थानीय तहमा रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने उद्देश्यका साथ प्रारम्भ गरिएको महत्वाकांक्षी योजना थियो । प्रारम्भिक चरणमा नीति अत्यन्त प्रभावशाली देखिएको भए पनि छ वर्षको अवधिमा यसको कार्यान्वयन पक्ष अत्यन्त निराशाजनक देखिएको छ । १२० वटा पालिकामा औद्योगिक ग्राम निर्माणको घोषणा गरिए पनि अहिलेसम्म जम्मा चारवटा मात्रै सञ्चालनमा आउनु नीतिगत असफलताको ज्वलन्त उदाहरणकै रूपमा लिन सकिन्छ । औद्योगिक ग्रामको अवधारणाले धेरै सम्भावनाहरु बोकेको छ । तर यो सम्भावना मूर्तरूपमा परिणत हुन नसक्नुको पछाडि सरकार र स्थानीय तह दुबै पक्षको कमजोरी देखिन्छ । महालेखा परीक्षकको ६१औं प्रतिवेदनले औद्योगिक ग्रामको योजना प्रारम्भ गर्नु अगावै पूर्वसम्भाव्यता अध्ययन, जग्गा व्यवस्थापन, स्थानीय प्राथमिकता र क्षमताको विश्लेषण नगरी हतारमा घोषणा गरिएको उल्लेख गरिसकेको छ । यो टिप्पणी योजनाको प्रारम्भिक स्तरमै रहेको त्रुटिपूर्ण दृष्टिकोणलाई प्रष्ट पार्दछ ।

यस्तै, जसोतसो सञ्चालनमा आएका चार औद्योगिक ग्राममध्ये तनहुँको आँबुखैरेनी गाउँपालिकाको उदाहरण प्रेरणादायी देखिन्छ । यहाँ अहिले दैनिक १६ जनाले रोजगारी पाएका छन् । स्थानीय स्रोत साधन (बाँस र फलाम), सीप र श्रम प्रयोग गरी उत्पादन शुरू गर्नु, महिला तथा विपन्न वर्गलाई आत्मनिर्भर बनाउने लक्ष्य राख्नु र सामुदायिक विद्यालयका लागि आवश्यक फर्निचर निर्माणजस्ता काम भइरहेका छन् । यहाँको औद्योगिक ग्राममा भएका पहललाई हेर्नेहो भने यदि इच्छा शक्ति र प्रतिबद्धता भए, योजनाले सफल हुन सक्दछ । यस्ता उदाहरणलाई अन्य पालिकाले अनुकरण गर्न सक्नुपर्दछ । तर, औद्योगिक ग्रामका लागि ल्याइएका केही उपकरणहरू छोटै समयमा काम नगर्ने अवस्थामा पुगेर थन्किएको अवस्थामा पुगेका छन् । मेशिनहरूले काम नगर्दा व्यक्ति आफैले बास काट्ने, टुक्राउने जस्ता काम गर्दा धेरै समय खर्चनु परेको देखिन्छ । यहाँ जडान गरिएका मेशिनहरूको तत्काल मर्मत सुधार गरी औद्योगिक ग्रामलाई सहज रूपमा सञ्चालन गर्ने वातावरण बनाउनका लागि सरोकारवाला निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

संघीय सरकारले प्रत्येक पालिकालाई पहिलो किस्ताको रूपमा ९२ लाख रूपैयाँ निकासा गरे पनि कतिपय पालिकाले त्यो रकमसमेत लिन सकेका छैनन् । केही पालिकामा डीपीआर नै तयार भएको छैन, कतै जग्गा छैन, त कतै स्थानीय तहको प्राथमिकता नै फरक छ । यस्तो बेलामा नीति निर्माण मात्रै गरेर छाड्नु, कार्यान्वयनमा दृढता नदेखाउनु सरकारले स्थानीय तहहरूलाई बीच बाटोमै अलपत्र पार्नुलाई दर्शाउँछ । हालै मात्र संशोधित 'औद्योगिक ग्राम घोषणा तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०८१' मार्फत संघीय सरकारले औद्योगिक ग्राम निर्माणको लागतमा अनुदानको प्रतिशत बढाउनु, महिला उद्यमी विशेष औद्योगिक ग्राम स्थापना गर्ने, निजी क्षेत्रलाई समेत लगानीको अवसर प्रदान गर्ने व्यवस्था गर्नु सकारात्मक पहल हुन् । तर कागजी नीति मात्रै होइन, ती नीतिहरु व्यवहारमा कति उतारिन्छन् भन्नेमा वास्तविक सफलताको मापन हो ।

औद्योगिक ग्रामले सिर्जना गर्न सक्ने सम्भावना व्यापक छ । कृषि औजार, घरेलु सामग्री, सामुदायिक विद्यालयको फर्निचर, लघुउद्योग र निर्यातयोग्य वस्तु उत्पादनमा यसले अर्थतन्त्रमा व्यापक प्रभाव पार्न सक्छ । तर त्यसका लागि स्थानीय तहमा प्राविधिक र प्रशासनिक क्षमताको विकास, सहयोगी नीति, लगानी र बजार सुनिश्चित गर्ने वातावरण, संघ, प्रदेश र पालिकाबीच स्पष्ट कार्यविभाजन, अनुगमन संयन्त्र र पारदर्शिताको खाँचो छ । यस्तै, सञ्चालनमा आएका औद्योगिक ग्राम पनि संस्थागत रूपमा दर्ता गरी उत्पादित वस्तुको बजारीकरण गर्नुपर्ने हुन्छ। त्यो हुन नसक्दा उत्पादित वस्तु स्थानीय बजारमा मात्रै बिक्रीपर्ने बाध्यता छ । उत्पादित वस्तुको खरिद बिक्रीका लागि बिल भरपाई बनाउनुपर्ने अवस्थामा जटिलता पैदा भएको छ । यस तर्फ पनि सरोकारवाला निकायले ध्यान पुऱ्याई औद्योगिक ग्रामलाई व्यवस्थित र पारदर्शी ढंगले सञ्चालन गर्ने वातावरण बनाइदिनुपर्छ । 'औद्योगिक ग्राम' को अभियान नेपाल जस्तो मुलुकका लागि केवल रोजगारी सिर्जनाको माध्यम मात्र होइन, ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउने भरपर्दो माध्यम हो । तर घोषणामा मात्रै सिमित भई योजना अलपत्र पार्ने क्रम जारी रह्यो भने यो पनि अघिल्ला धेरैजसो 'प्रोजेक्ट' सरह निष्क्रिय दस्तावेजमा परिणत हुनेछ । त्यसैले अबको बाटो भनेको गम्भीर, योजनाबद्ध र परिणाममुखी कार्यान्वयन हो । अब समय भनेको घोषणा होइन, परिणाम देखाउने हो ।

# राष्ट्र, चेतना र अस्तित्व


राष्ट्र केवल शासन प्रणालीले मात्र जीवित हुँदैन । न त राष्ट्र कुनै संविधानको अक्षर, कुनै संस्थाको भवन वा कुनै सत्ताको औपचारिक संरचनामा सीमित हुन्छ। राष्ट्र त साझा स्मृतिले बाँच्दछ, साझा पीडाले परिपक्व हुन्छ, साझा चेतनाले दिशा पाउँछ र साझा उत्तरदायित्वले सुरक्षित रहन्छ। त्यसैले होला हाम्रो वैदिक सनातन चिन्तनले राज्यलाई 'सहजीवनको धर्म'को रूपमा विवेचित गरेको छ । जहाँ शासक, जनता, भूगोल, संस्कृति, इतिहास, प्रणाली, विधिर चेतना एकअर्कामा गाँसिएर मात्र राष्ट्रको आत्मा जीवित रहन्छ । यही कारण राष्ट्रनिर्माण कुनै एक व्यक्ति, एक सरकार वा एक पुस्ताको काम होइन। यो त निरन्तर पुस्तागत उत्तरदायित्व हो । हरेक नागरिकको साझा अभिभारा हो ।

नागरिकको चेतनामा राष्ट्रको साझा बोध र जिम्मेवारी रोप्नु राष्ट्र निर्माणको सार हो। मानव विकासशास्त्रको इतिहासले पनि कुनै पनि समाज/राष्ट्र वा देशको पहिचान त्यो राष्ट्रको नागरिकको चेतनाको एकीकृत फलनले निर्धारण गर्ने विषय स्थापित गरेको छ । अर्थात् पाश्चात्य दार्शनिक प्लेटोको लडिरहेका छौं, के हामी आफ्नै राष्ट्र-चेतनालाई जोगाउन सफल भएका छौं त?

विश्व भूराजनीतिक क्षितिजमा पछिल्ला वर्षहरूमा बंगलादेश, श्रीलंका, म्यानमार, प्यालेष्टाइन, युक्रेनदेखि भेनेजुएलासम्म देखापरेका राजनीतिक, आर्थिक, वातावरणीय तथा सामाजिक संकटहरूले एउटा कठोर तर निर्विवाद सत्य उजागर गरेका छन् । त्यो हो; जब अल्पविकसित र कमजोर क्षमता भएका राष्ट्रहरु आन्तरिक रूपमा खण्डित हुन्छन् तब उनीहरु बाह्य शक्ति, स्वार्थ र प्रभावको प्रयोगशाला बन्न धेरै समय लाग्दैन । क्षेत्रीय स्थिरताको आधार मानिएको सार्क क्षेत्रकै अधिकांश मुलुकहरु निरन्तर अस्थिरताको चक्रमा फसिरहनु र विश्व भूराजनीतिका दुई प्रमुख शक्तिकेन्द्रबीच "दुई ढुङ्गाबीचको तरूल" जस्तो संवेदनशील भूबनोटभित्र हाम्रो देश रहनु स्वयंले नै अब हामीलाई आत्ममुग्धताबाट बाहिर निस्केर गहिरो, इमानदार, सत्य आधारित र राष्ट्रियहित केन्द्रित आत्मसमीक्षा गर्न बाध्य पारिरहेको छ। नेपालजस्तो संवेदनशील भूराजनीतिक अवस्थाको देशका लागि यो चेतावनी झनै गम्भीर छ ।

राष्ट्रको आत्मरक्षा दर्शन यस्तो गम्भीर, बरू यसले कोरेको दृष्टि नेपाल राष्ट्रको आत्मरक्षा कवच/दर्शनको रूपमा देखिएको छ । स्वाधीनता, सन्तुलित/ असंलग्न तर विवेकपूर्ण कूटनीति, आन्तरिक एकता, माटो आधारित अर्थतन्त्र, सामाजिक चरीत्रमा इमानदारीता र आत्मनिर्भर राष्ट्रिय चेतनाको समग्र दृष्टि यसका मार्गनिर्देशक सिद्धान्त हुन् । खासमा "दुई ढुंगाबीचको तरूल" भन्ने पृथ्वीनारायण शाहको उपमा कुनै भावुक चेतावनी वा कमजोर मनोबिम्ब थिएन । बरू, त्यो त समयभन्दा धेरै अगाडि गरिएको भूराजनीतिक यथार्थको गहिरो, वैज्ञानिक र रणनीतिक विश्लेषण थियो भनेर पुनः पुष्टि हुँदै गएको छ ।

पृथ्वीनारायण शाहले कोरेको मार्गलाई क्षणिक राजनीतिक उत्तेजनाको चस्माबाट हेर्नु विचारको दरिद्रतामात्र होइन, त्यो इतिहास माथिको सरलीकृत हिंसा पनि हो । किनकी, यसको धरातल कल्पित घोषणापत्रमा होइन, सभ्यताको दीर्घ स्मृतिबाट उदाएको राष्ट्रिय आत्मबोधको निनादमा भेटिन्छ । यसलाई संकुचित वैचारिक खेमामा थुन्न खोज्नु भनेको हामीले आफ्नै आत्मचेतनालाई आरोपित व्याख्याको




भने जस्तै; 'कुनै पनि राज्य रूख वा चट्टानबाट बन्दैन, बरू त्यो त्यहाँ बसोबास गर्ने मानिसको चरित्रबाट बन्दछ ।' अतः व्यवहारमा राष्ट्रप्रतिको निष्ठा, विचारमा स्वाधीनता, चरीत्रमा इमानदारीता र कर्ममा उत्तरदायित्व स्थापित भए देश निर्माण सम्भव हुन्छ । सत्य यही हो र सबैले यसलाई गहिरोसँग बुझ्न अब ढिला भइसकेको छ ।

### विश्व भूराजनीति : अस्थिरताको आँधीमा साना राष्ट्र

आजको विश्व गहिरो भूराजनीतिक संक्रमणमा छ । दोस्रो विश्वयुद्धपछिको शक्तिसन्तुलन क्रमशः भत्किँदै गएको छ। रूस-युक्रेन युद्ध, मध्यपूर्वको निरन्तर द्वन्द्व, अमेरिकी प्रभाव क्षेत्रका टकरावहरु यी सबै केवल क्षेत्रीय घटना मात्र सिमित देखिन्नन् । बरू, विश्व शक्ति पुनर्संरचनाका संकेतका रूपमा देखिँदैछन् । दुर्भाग्यवश, विश्वका प्रायः सबै युद्धभूमिमा नेपालीको रगत बगिरहँदा हामी आफ्नै भूमिमा राष्ट्रबोधको गम्भीर संकट झेलिरहेका छौं।

इतिहास साक्षी छ; नेपाली सधैं विश्वशान्तिका लागि लडेका छन् । प्रथम, दोस्रो विश्वयुद्धदेखि रूस-युक्रेन युद्धसम्म हजारौं नेपालीजनले रगत-पसिना बगाए। गोर्खा सैनिकको साहस बेलायतदेखि सिङ्गापुर, अरबदेखि युरोप, भारतदेखि मध्यपूर्वसम्म इतिहासमा अंकित छ । तर आज प्रश्न उठ्छ; जब हामी अरूका युद्ध तरल र निरन्तर अस्थिर बन्दै गएको विश्व भूराजनीतिक परिवेशमा नेपालजस्तो सानो तर अत्यन्त संवेदनशील राष्ट्रको दीर्घकालीन अस्तित्व कुनै तात्कालीक नारा, आयातित वैचारिक प्रयोग वा क्षणिक भावनात्मक उन्मादबाट सुरक्षित हुन सक्दैन भन्ने सत्य अब बहसको विषय रहेन। यो एक निर्विवाद ऐतिहासिक निष्कर्षका रूपमा स्थापित भइसकेको छ । यस्तो अवस्थामा राष्ट्रको संरक्षण र भविष्यको सुनिश्चितताका लागि सबै नेपालीजनले क्षणिक राजनीतिक आग्रहभन्दा माथि उठेर दीर्घकालीन राज्यदर्शनको अवलम्बन गर्नैपर्ने निर्णायक घडी आइपुगेको अवस्था हाम्रासामु छ। राष्ट्रको आत्मबोधबाट निर्देशित, इतिहासद्वारा परीक्षित र यथार्थका कठोर पाठहरूले प्रमाणित स्पष्ट मार्गको पहिचान गरी त्यसै मार्गमा दृढतापूर्वक अघि बढ्नु अब विकल्पको प्रश्न होइन । यो हाम्रो विकल्पहीन धरातलीय बाध्यता हो ।

विचारधारात्मक आग्रह वा राजनीतिक पूर्वाग्रह जुनसुकै कोणबाट व्याख्या-विश्लेषण गरिए पनि राष्ट्रको अस्तित्व, स्वाधीनता र सन्तुलनका लागि अब राष्ट्र निर्माता पृथ्वीनाराण शाहले कोरेको मार्गमा हामी हिंड्नै पर्छ । यहाँ स्पष्ट बुझ्नुपर्ने कुरा के हो भने, पृथ्वीपथ कुनै राजनीतिक वाद होइन । यो कुनै दलगत विचारधारा पनि होइन । न त कुनै शासन प्रणालीको सैद्धान्तिक बहस यसका विषय हुन् । कारागारमा बन्द गर्नु सरह हो।

उहाँले कोरेको मार्ग सत्ता-संरक्षणको आग्रह होइन, राष्ट्र संरक्षणको अन्तर्दाह भेटिन्छ । त्यसैले, पृथ्वीनारायण शाह कुनै दल विशेष वा विचारवादका राजा होइनन्, उनी सम्पूर्ण देश निर्माणका ऐतिहासिक नेतृत्वकर्ता हुन् । देशलाई साझा फूलबारी ठान्ने उहाँले कोरेको मार्गको अनुसरण गर्नु अपराध होइन, बरू हरेक नेपालीले इतिहासप्रति देखाउनुपर्ने विवेक, राष्ट्रप्रति व्यक्त गरिने उत्तरदायित्व र भावी पुस्ताप्रति गरिने जिम्मेवार संकल्प हो भनेर हामीले बुझ्नुपर्छ। वर्तमान नेपालको राजनीतिक अवस्थालाई नियाल्दा देश नियमित र सुरक्षित अवस्थामा छ भन्न सकिने अवस्था छैन । भाद्र २३ र २४ पछि उत्पन्न संकट अझ इतिहासमा अविश्वसनीय र चिन्ताजनक छ ।

पटक-पटक खण्डित जनादेश, अस्थिर सरकार, कमजोर संस्थागत क्षमता र नागरिकमा बढ्दो निराशाले राष्ट्रको आधारभूत संरचना नै हल्लाइरहेको छ । यस्तो अवस्थामा इतिहाससँग संवाद नगरी, राष्ट्रको आत्मासँग पुनः संवाद नगरी केवल तात्कालिक राजनीतिक गणनाबाट भविष्य सुरक्षित हुन्छ भन्ने सोचियो भने त्यो भ्रम झन् घातक हुनेछ । यस्तो संवेदनशील घडीमा पृथ्वीनारायण शाहको

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
शुभचिन्तकहरूको साथ प्राप्त हुनाले काममा उत्साह जाग्नेछ। सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ।

**वृष**
प्रगतिमा ईर्ष्या गर्नेहरूले पनि अवरोध पुर्याउन सक्छन्। नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला।

**मिथुन**
गरिएका कर्मबाट छोटो समयमै उचित प्रतिफल पाइनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ।

**कर्कट**
उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरूले सम्झौता गर्न सक्छन्।

**सिंह**
दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउनेछ

**कन्या**
कला, गला र अभिव्यक्तिले धेरैको मन जित्ने समय छ। प्रशंसकहरु बढ्नेछन्। सहयोगीहरूले साथ दिनेछन्।

**तुला**
रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला। विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ।

**वृश्चिक**
चुनौती पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। रोग तथा शत्रुमाथि विजय प्राप्त गर्न सकिनेछ।

**धनु**
लक्ष्मीको कृपा प्राप्त हुनाले मनग्य धन लाभ हुनेछ। व्यापारमा लाभांश बढ्नाले मन उत्साहित हुनेछ।

**मकर**
लगानीका रूपमा सञ्चित धन उपयोग गर्दा लाभ हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ।

**कुम्भ**
अध्ययनमा राम्रै प्रगति हुनेछ। नयाँ ज्ञान सिक्ने समय छ। केही रकम भने अरूका लागि खर्चनुपर्ने हुन सक्छ।

**मीन**
कर्मका प्रेरक र सहयोगी बढ्नाले कर्मसाधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ।

# राष्ट्र, चेतना र ..........

राष्ट्रिय एकताको भावलाई इन्कार गर्ने छुट अब हामीलाई छैन ।

यही मार्गको अनुसरणले हामीसँग अंग्रेजलाई परास्त गरेको इतिहास छ । साम्राज्यवादी युगमा पनि स्वाधीनता जोगाएको गौरवगाथा छ। हामीले कसरी यो देशको अस्तित्व र हाम्रो पहिचान जोगाएको थियौं ? एकछिन सोचौ त! उनीहरूसँग तोप थियो, आधुनिक हतियार थिए तर हामीसँग खोला थुनेर भए पनि शत्रु परास्त गर्ने अदम्य साहस थियो। हाम्रो हतियार कहिल्यै आधुनिक बन्दुक वा हतियार थिएन। हाम्रो शक्ति नै आपसी विश्वास, एकता र स्वाभिमान थियो । त्यसैले: आज नेपाललाई परदेशी सोचले होइन, स्वदेशी चेतनाले हेर्ने समय आएको छ । इतिहासबाट मार्गदर्शन लिएर भविष्य सुरक्षित गर्नु नै बुद्धिमता हो भनेर बुझ्नुपर्छ ।

**हिंसा होइन चेतना : राष्ट्र निर्माणको मूल प्रश्न**

गत भाद्र २३ र २४ पछि देशको अवस्था झन् गहिरो जर्जरतामा धकेलिएको छ। जेन-जेड पुस्ताको शान्तिपूर्ण आन्दोलन भनिए तापनि त्यसपश्चातका विकसित घटनाक्रम र राष्ट्रिय परिस्थितिले हामी सबैको सामु एउटा असहज तर अनिवार्य प्रश्न उभ्याएको छ; हामी वास्तवमै कुन दिशातर्फ अग्रसर हुँदैछौं? चेतनाको पुनर्जागरण भनिएको युवापुस्ताको आन्दोलनमा समेत आगजनी, लुटपाट र राज्यका आधारभूत संस्थामाथि प्रहार गरिन्छ भने त्यो जागरण होइन; त्यो राष्ट्रको आत्मामाथि गरिएको आघात हो । यो कटु सत्य हो, जसलाई आँखा चिम्लेर बेवास्ता गर्न सकिंदैन ।

एक नेपालीले अर्को नेपालीको घर वा सार्वजनिक सम्पत्तिमा आगो लगाउँदा कुनै क्रान्ति जन्मिँदैन । अदालत, संसद, विद्यालय वा अस्पताल जस्ता सभ्यताको स्तम्भहरू ध्वस्त पारेर राष्ट्र निर्माण भएको इतिहास विश्वमा पनि कहीँ छैन । हिंसा र विनाशले क्षणिक उन्माद सिर्जना गर्न सक्छ, तर दीर्घकालमा केवल अविश्वास, भय र विखण्डनको बीउ मात्र रोप्छ । अत: यी समस्याहरू हाम्रा आन्तरिक समस्याहरू हुन् र यसको समाधान पनि आन्तरिकै हुनुपर्छ।

उत्तर अब कुनै एउटा पक्षको आवेग, प्रतिशोध वा उत्तेजनामा होइन, सामूहिकतामा खोजिनुपर्छ। सर्वोच्च अदालत, सिंहदरबार, कारागार वा निजी संरचनासँग नेपालीले के व्यक्तिगत वैर राख्थे र ती निसानामा परे ? एकछिन गम्भीर भएर विचार गरौं त ।

राष्ट्रको भविष्य निर्धारण गर्ने युवापुस्ता त्यसमा पनि विद्यार्थी नै यस्तो क्रियाकलापमा संलग्न हुन्छन् भने त्यो केवल आन्दोलनको स्वरूपमात्र नभई हाम्रो शिक्षा प्रणाली, सामाजिक संस्कार र समाजको चेतमाथि गम्भीर प्रश्नचिह्न उभ्याउने विषय होइन र ? देश निर्माणको आधारस्तम्भको रूपमा रहने युवापुस्ता नै पुनर्निर्माण छोडेर आगो समात्छ तिर लाग्छ भने यो हाम्रो शिक्षा प्रणाली र समाजमा गहिरो विकृति प्रवेश गरिसकेको स्पष्ट संकेत हो । हामीलाई आगो बाल्न सिकाउने शिक्षा होइन, राष्ट्र निर्माणको विवेक र चेतना आवश्यक छ । किनकि अन्ततः राष्ट्रहरू नाराले होइन, चेतनाले बाँच्छन् र यही चेतनाको पुनर्स्थापनामा आजको नेपालको वर्तमान र भोलिको भविष्य निर्भर छ ।

**साँचो प्रजातन्त्रः बी.पी.को राष्ट्रिय मेलमिलाप र पृथ्वीपथको संगम**

नेपाल आज केवल आर्थिक र शासकीय संकटको मात्र सामना गरिरहेको छैन । यो राष्ट्र स्वयं आफ्नो ऐतिहासिक दृष्टि र वैचारिक दिशाबोध गुमाएको गम्भीर संकटको डिलमा उभिएको छ । जब कुनै राष्ट्रले आफ्नो मार्गदर्शक दर्शन बिर्सन्छ तब राजनीति लक्ष्यहीन बन्छ र जनता निराशाको गर्तमा धकेलिन्छन् । यही दिशाहीनताको घडीमा इतिहासले हामीलाई दुई महान् वैचारिक धरोहर स्मरण गराइरहेको छ ती हुन्, बी.पी. कोइरालाको राष्ट्रिय मेलमिलापको मार्ग र पृथ्वीनारायण शाहको राष्ट्र निर्माणको गन्तव्य ।

युग फरक भए पनि यी दुई विचारको अन्तिम ध्येय एउटै हो; राष्ट्रको अस्तित्व, स्वाधीनता, आन्तरिक एकता, साझा समुन्नती र दीर्घकालीन स्थायित्व । स्मरण रहोस्, बी.पी. कोइरालाले मेलमिलापको आह्वान गर्दा कुनै राजनीतिक सौदाबाजी प्रस्ताव गरेका थिएनन् । उहाँले इतिहासको कठोर यथार्थ बुझेका थिए ।

निरन्तर वैचारिक टकरावले राष्ट्र कमजोर बनाउँछ भन्ने उनले बुझेका थिए । मेलमिलापले राष्ट्रलाई बाँच्छे शक्ति दिन्छ भन्ने आट र दृष्टि उहाँमा थियो । मेलमिलाप घुँडा टेक्नु होइन, राष्ट्रलाई सर्वोपरि राख्नु हो भन्ने गहिरो दार्शनिक सत्य आज बी.पी.को नाममा राजनीति गरेर जीविकोपार्जन गर्नेहरूले सम्झने कि बिर्सने भन्ने प्रश्नमै नेपाली कांग्रेसको मात्र होइन देशको भविष्य निर्भर छ ।

त्यसैगरी पृथ्वीनारायण शाहको "पृथ्वीपथ" केवल भौगोलिक एकीकरणको परियोजना वा राज्य विस्तारकोरूपमा मात्र बुझ्नु हुन्न। कम्तिमा राजनीति गर्छु भन्ने नयाँ-पुराना सबैले बरू त्यो त नेपाल भित्रका विविध जाति, भाषा, भूगोल र हितलाई एउटै राष्ट्रिय चेतनामा बाँध्ने ऐतिहासिक दृष्टिपथ थियो भनेर बुझ्नैपर्छ । तर आजको नियती के छ भने नेपाली कांग्रेसले बी.पी.को नाम उच्चारण गर्छ, तर उहाँको राष्ट्रिय मेलमिलापको आत्मालाई क्रमशः विस्मृत गर्दै विभाजन, निषेध र बिग्रह केन्द्रित राजनीतिमा फँसिरहेको छ ।

गुटमा विभक्त हुँदै विचारभन्दा पदलाई, राष्ट्रभन्दा आन्तरिक शक्ति-सन्तुलनलाई प्राथमिकता दिँदा कांग्रेस स्वयं दिशाहीन बन्दै गएको छ। यो यथार्थ हो । कस्तुरी आफैंभित्र हुन्छ, तर मृग मृगतृष्णाको पछि लाग्छ । आज कांग्रेसभित्रको सत्य पनि यस्तै कठोर छ । अब त भन्नैपर्छ; कांग्रेस र राजसंस्था वा व्यापक अर्थमा ऐतिहासिक राष्ट्रिय शक्तिहरूबीच न्यूनतम समझदारी नबनेसम्म नेपाल स्थायित्वको बाटोमा प्रवेश गर्न एक, दुई, तीन सक्दै-सक्दैन ।

त्यसै पनि नेपालको राजसंस्था विचार, व्यक्ति र वादभन्दा पर रहेको ऐतिहासिक राष्ट्रवादी यथार्थवाद हो। यो सत्यलाई स्वीकार गर्दा नेपालको हित नै हुन्छ । नेपालजस्तो भूराजनीतिक रूपमा संवेदनशील देशमा ऐतिहासिक शक्तिहरूबीच स्थायी द्वन्द्व राष्ट्रघाती विलासिता मात्र हो भन्ने कुरा अब सबैले बुझ्नैपर्छ । यदि जनता र राजाजस्ता इतिहासका दुई ठूला राष्ट्रिय आस्था र विश्वासका प्रतीक अब पनि मिल्न सकेनन् भने, देशलाई इन्द्रको बाऊ चन्द्र आए पनिबचाउन सक्दैन । किनकि राष्ट्र बाहिरी शक्तिले होइन, आन्तरिक एकताले बच्छ। राष्ट्र भाषणले होइन, साझा न्यूनतम सहमतिले बच्छ ।

राजनीतिक दर्शनको एउटा कठोर सत्य छ; इतिहास र वर्तमानबीच सेतु बने राष्ट्र टिक्छ; त्यो सेतु भत्किए राष्ट्र ढल्छ । आज नेपाल त्यो सेतु बन्ने कि भत्काउने भन्ने निर्णायक मोडमा उभिएको छ। समय अझै बाँकी छ । बाटो अझै खुला छ । प्रश्न केवल इच्छाशक्ति र सच्चा मनको हो ।

**निचोडः राष्ट्र निर्माणको आत्मा जोगाऔँ**

अन्त्यमा, राष्ट्र निर्माण कुनै एक व्यक्तिको दूरदृष्टि, कुनै एक सरकारको कार्यकाल वा कुनै एक पुस्ताको परियोजना होइन । यो त समयसँगै बग्ने सभ्यतागत साझा जिम्मेवारी र उत्तरदायित्व हो । जसको संवाहक हरेक पुस्ता हो र जसको भार हरेक नागरिकको कर्ममा निहित हुनुपर्दछ । सर्वप्रथम, राष्ट्रप्रतिको उत्तरदायित्व कानुनी दायित्वभन्दा पहिले नैतिक दायित्व हो भन्ने बुझौं । विखण्डनको राजनीतिभन्दा माथि उठेर, विभाजनकारी चेतनाभन्दा पर गएर, दरिलो, दिगो र समावेशी राष्ट्रिय एकतासहितको प्रजातान्त्रिक राज्य व्यवहार पुनःस्थापना गर्नु आज हामी सबै नेपालीको साझा अभिभारा हो भन्नेचेत राखौं ।

राष्ट्र दुर्बल हुँदा केवल व्यवस्था विफल हुँदैन; भाषा, संस्कृति, स्वाभिमान र भविष्यको सामूहिक प्रतिज्ञा नै क्षीण हुन थाल्छ । व्यवस्था फेरिनसक्छ, संविधान संशोधित हुनसक्छ, तर अस्तित्व एकपटक क्षतिग्रस्त भयो भने त्यसको पुनर्निर्माण इतिहासकै कठोरतम साधना बन्छ। त्यसैले राष्ट्रबोध कुनै बिम्ब होइन; त्यो सभ्यताको आत्मसंरक्षणात्मक विवेक हो । राजनीतिक बहसहरू अस्थायी हुनसक्छन् तर अस्तित्वको प्रश्न स्थायी हुन्छ । यही स्थायित्वको चेतनाबाट यो सन्देशलाई पढ्न सके मात्र हामी समयप्रति इमानदार ठहरिनेछौं । नेपालको भोलि सुरक्षित राख्न यो अपरिहार्य छ ।

यस्तो विषम परिवेशमा यो राष्ट्रको आत्मा जोगाउने अन्तिम विकल्पमात्र होइन, भावी पुस्तालाई स्वाधीन भविष्य हस्तान्तरण गर्ने साझा संकल्प पनि हो । यसका लागि राष्ट्रिय जीवनका सबै पक्ष, पात्र र चरित्रमा आमुल पुनर्जागरण आवश्यक छ । तर, त्यो पुनर्जागरणमा विनाश होइन विवेकले, उन्माद होइन उत्तरदायित्वले र आयातित भ्रम होइन, स्वदेशी आत्मबोधले राष्ट्रको दिशा तय हुनुपर्छ । अब विलम्बको कुनै औचित्य छैन । समय स्वयंले हामीलाई आह्वान गरिरहेको छ । बुझौं, गम्भीर भएर सबैले आ-आफ्नो धरातलमा उभिएर इम्मनदारीका साथ आत्मसमीक्षा गरौं र राष्ट्र निर्माणमा जुटौं । प्रजातन्त्र दिवसको शुभकामना यही छः राष्ट्र सुदृढ रहोस्, चेतना जागृत रहोस्, अस्तित्व अक्षुण्ण रहोस् । अनलाइनखबरबाट

# गणित शिक्षा परिषद् तनहुँद्वारा ..........

न्यौपाने लगायतले आफ्नो विचार व्यक्त गरेका थिए । प्रतियोगिताको लिखित चरणबाट २१ समूह मध्ये उत्कृष्ट ६ समूह मौखिक चरणका लागि छनोट भएका थिए । मौखिक चरणमा १२ राउण्डसम्म प्रश्नोत्तर सञ्चालन गरिएको थियो, जसमा विद्यार्थीहरूले तीव्र प्रतिस्पर्धात्मक वातावरणमा आफ्नो गणितीय क्षमता प्रदर्शन गरेका थिए।

प्रतियोगितामा प्रथम हुन सत्यवती माविलाई रू. १० हजार, द्धितीय हुन सफल भिम मेमोरियल भिमादलाई रू. ८ हजार, तृतीय हुन सफल हंश बाहिनी माध्यमिक विद्यालय शुक्लागण्डकीलाई रू. ६ हजार रूपैयाँ र सान्त्वना हुन सफल पवित्र मावि बन्दीपुर, पञ्चमुनिदेव मावि र अरनिको मावि खैरेनीलाई रू. २ हजार रूपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो।

कार्यक्रममा वक्ताहरूले हाजिरीजवाफ प्रतियोगिता केवल जित-हारको प्रतिस्पर्धा नभई सिकाइको महत्वपूर्ण अवसर भएको उल्लेख गरे। विद्यार्थीहरूलाई गल्तीबाट सिकेर अघि बढ्न प्रेरित गर्दै शिक्षकहरूको भूमिकालाई विशेष महत्व दिइएको थियो । यस्ता प्रतियोगिताले विद्यार्थीमा गणितप्रतिको डर हटाई रूचि र आत्मविश्वास बढाउने विश्वास व्यक्त गरिएको थियो । कार्यक्रम सफल बनाउन सहयोग गर्ने आयोजक समिति, निर्णायक मण्डल, विद्यालय परिवार तथा विभिन्न सहयोगी संस्थाप्रति परिषद्ले आभार व्यक्त गरेको छ। साथै सहभागी सम्पूर्ण विद्यार्थीहरूलाई उज्ज्वल भविष्यको शुभकामना व्यक्त गरिएको छ ।


## स्वस्थ जीवनका लागि असल खानपानका उपायहरू :

- विभिन्न थरीका खाने कुराहरू हरेक दिन उपभोग गर्ने ।
- फलफुल र हरिया सागसब्जि हरेक दिन पर्याप्त मात्रामा उपभोग गर्ने।
- दाल र गेडा गुडी हरेक दिन उपभोग गर्ने ।
- माछा, मासु वा अण्डा नियमित रूपमा उपभोग गर्ने ।
- खाना पकाउँदा तेल वा घ्यू थोरै मात्रामा प्रयोग गर्ने ।
- खानपान सम्बन्धी अन्धविस्वास बाट सावधान रहने ।
- खानामा आयोडिनयुक्त नुन मात्र प्रयोग गर्ने, नुन कम मात्रामा उपभोग गर्ने
- गुलिया र चिल्ला खानेकुरा कम मात्रामा उपभोग गर्ने ।
- सँधै ताजा र सफा खाद्य वस्तु उपभोग गर्ने ।
- पर्याप्त मात्रामा शुद्ध पानी पिउने ।
- परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टिक खाद्य वस्तु उपभोग गर्ने
- मदिराजन्य पेय पदार्थ सेवन नगर्ने ।
- शिशुलाई ६ महिनासम्म पूर्ण स्तनपान (आमाको दुध मात्र खुवाउने) गराउने
- शिशु ६ महिना पुरा भएपछि स्तनपानको साथसाथै थप तथा परक खाना खुवाउने
- गर्भवती र स्तनपान गराउने आमाले थप पोषिलो खाना खाने ।
- किशोर किशोरीहरूले खानपान सम्बन्धी स्वस्थ बानी बसाल्ने ।
- ज्येष्ठ नागरिकको खानपानमा विषेश ध्यान दिने ।
- अति प्रशोधित खाना (Junk Food)जस्तैः चाउचाउ, विस्कुट, कुरकुरे आदि उपभोग नगर्ने र बच्चाहरूलाई पनि नखुवाउने ।

**यी उपायहरू नियमित रूपमा आफ्नो जीवनमा लागु गर्न सकेमा धेरै किसिमका रोग तथा संक्रमणहरूबाट जोगिन सकिन्छ । स्वस्थ रहन सकेमा आफुले गर्ने हरेक कार्य र योजना सफल पार्न सकिन्छ । त्यसैले सबैले यी उपायहरू आफ्ना दैनिक जीवनमा लागु गर्न उपयुक्त हुन्छ ।**

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
दमौली, तनहुँ, नेपाल



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**फागुन ०९ गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरूः**

१. **छाला सम्बन्धी रोगहरूः**
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरू आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

२. **यौनरोग सम्बन्धी समस्याहरू (Male/Female):**
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

३. **कुष्ठ (Leprosy) रोगः**
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरू, लामो समयको छाला समस्या जसले निको हुँदैन

४. **सौन्दर्य चिकित्सा (Aesthetic Dermatology):**
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरू, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।





## स्तनपान सम्बन्धी महत्त्वपूर्ण जानकारी

स्तनपान भन्नाले शिशुलाई जन्म दिएपछि आमाले आफ्नो स्तनबाट निस्किने प्राकृतिक दूध खुवाउनु हो। शिशु जन्मेको जतिसक्दो चाँडो १ घण्टा भित्र आमाको दूध खुवाउन सुरु गर्नुपर्छ। शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्व आमाको दूधमा पाइने हुनाले शिशु जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दूध मात्र खुवाउनु पर्छ, पानी पनि खुवाउनु हुँदैन जसलाई पूर्ण स्तनपान भनिन्छ। शिशुलाई कम्तीमा २ वर्षसम्म निरन्तर स्तनपान गराउनुपर्छ।

### आमाको दूध खुवाउँदा हुने फाइदाहरू

- आमाको दूध बालबालिकाको लागि अमृत समान हो। यसले बालबालिकाको जीवन रक्षा गर्छ।
- पहिलो पहेँलो बिगौती दूधले खोप सरह काम गर्छ र निमोनिया, झाडापखाला, कान, छाला, पेट तथा श्वासप्रश्वासका संक्रमणसँग लड्न सक्ने क्षमता बढाउँछ।
- यसमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज तत्वहरू हुन्छ।
- शिशु जन्मने बित्तिकै आमाको दूध चुसायो भने सालनाल छिटै बाहिर निस्किन्छ किनभने शिशुले दूध चुस्दा पाठेघर खुम्चिन्छ जसले गर्दा बच्चा जन्माएपछि बढी रगत बग्ने खतरालाई घटाउँदछ।
- महिलालाई हुने स्तन र पाठेघर सम्बन्धी क्यान्सरको खतरालाई घटाउँदछ।
- आमाको कामको भारलाई घटाउँदछ। पानी उमाल्न इन्धन जुटाउने, दूध बनाउने आदि काम गर्नु पर्दैन। आमाको दूध जुनसुकै बेला र जहाँपनि खुवाउन सकिन्छ।
- यो सधैं सफा, पोसिलो र ठिक तापक्रमको हुन्छ। यो कम खर्चिलो छ।
- आमासँगको आत्मीयता बढाई शिशुको मानसिक, बौद्धिक, शारीरिक तथा सामाजिक विकास गर्छ।

### स्तनपान सम्बन्धी सिफारिस गरिएका व्यवहारहरु

- शिशु जन्मने बित्तिकै आमाको छातीमा टाँसिएर रहन दिने।
- बालबालिका जन्मेको १ घण्टाभित्रै आमाको स्तनमा राख्ने र दूध खुवाउने।
- बालबालिकालाई बिगौती दूध खुवाउने।
- बालबालिकालाई ६ महिनासम्म पूर्ण स्तनपान गराउने।
- एकातिरको दूध निखिए पछि मात्र अर्को स्तनको दूध खुवाउने।
- बालबालिकालाई दिनको १० देखि १२ पटक स्तनपान गराइराख्ने।
- बालबालिकाले जति पटक दूध खान खोज्छ त्यति नै पटक स्तनपान गराउने।
- बालबालिकालाई सही आसन र सम्पर्कमा राखेर स्तनपान गराउने।
- आमा वा बालबालिका, जो बिरामी भए पनि निरन्तर स्तनपान गराइरहने।
- बालबालिका २ वर्ष वा सो भन्दा पछिसम्म पनि निरन्तर रूपमा स्तनपान गराइरहने।
- स्तनपान गराइरहेकी आमाले दैनिक खाने गरेको खाना भन्दा २ पटक थप खाना खाने। बोतलबाट दूध नखुवाउने।
- स्तनपान सम्बन्धी सिफारिस गरिएका व्यवहारहरु हरेक शिशुहरुमा हरेक अवस्थामा लागु हुन्छ।
- यी व्यवहारहरु अपनाउँदा आमाहरुले लगातार रुपमा दूध उत्पादन गरिरहन सक्छन्।

### शिशुलाई आमाको दूध पुगे नपुगेको कसरी थाहा पाउने?

- दूध प्रशस्त खान पुगेको शिशुले एक दिनमा (२४ घण्टामा) कम्तीमा ६ देखि ८ पटकसम्म पिसाब फेर्छ र पिसाबको रङ्ग सफा हुन्छ।
- यदि शिशुलाई दूध प्रशस्त खान पुगेको छैन भने २४ घण्टामा ६ पटक भन्दा कम पिसाब फेर्छ र पिसाबको रङ्ग गाढा पहेँलो, बाक्लो, एकदम गन्हाउने हुन्छ।

**बन्दीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बन्दीपुर तनहुँ । गण्डकी प्रदेश

# आदिकवि भानुभक्त क्याम्पसलाई 'उत्कृष्टताको केन्द्र' बनाउने पहल

## बहुपक्षीय सहकार्यमार्फत तनहुँको शैक्षिक उन्नयनमा जोड

भञ्ज्याङ समाचारदाता/दमौली


तनहुँको पुरानो शैक्षिक धरोहर आदिकवि भानुभक्त क्याम्पसलाई 'उत्कृष्टताको केन्द्र' बनाउने पहल गरिएको छ। क्याम्पसलाई 'उत्कृष्टताको केन्द्र'का रूपमा विकास गर्ने लक्ष्यसहित सरकारी तथा गैरसरकारी, सामुदायिक र शैक्षिक संस्थाबीच सहकार्यको सम्भावनाबारे बिहीबार अन्तरक्रिया गरिएको छ । क्याम्पसले व्यास नगरपालिका प्रमुख बैकुण्ठ न्यौपानेको कार्यकक्षमा भएको उक्त अन्तरक्रियामा विभिन्न विश्वविद्यालय, आयोग, स्थानीय तह तथा निजी क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। अन्तरक्रियामा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीले बहुपक्षीय सहकार्यले क्याम्पसको गुणस्तर अभिवृद्धि र स्रोत सुनिश्चितता दुवै सम्भव हुने बताए । उनले विश्वविद्यालयको प्राज्ञिक मार्गदर्शन र नगरपालिकाको आर्थिक तथा भौतिक सहयोग एकसाथ जुटेमा क्याम्पसलाई उत्कृष्टताको केन्द्रमा रूपान्तरण गर्न सकिने धारणा राखे ।

'क्याम्पस समुदायसँग एकीकृत भई अघि बढ्नुपर्छ', अध्यक्ष अधिकारीले भने, 'यसबाट प्राध्यापक, कर्मचारी र समुदायले विज्ञता हासिल गर्ने वातावरण बन्छ, नयाँ र समयसापेक्ष विषय सञ्चालन गर्ने अनुमति र क्षमता पनि विकास हुन्छ ।' सो अवसरमा आयोगका सदस्य सचिव प्रा.डा. ज्ञानबहादुर थापाले स्थानीय निजी क्षेत्र, बैंक तथा उद्योगसँग सहकार्य आवश्यक रहेको औंल्याए । उनका अनुसार यस्तो सहकार्यले विद्यार्थीलाई इन्टर्नसिप तथा रोजगारीमा प्राथमिकता दिलाउने मात्र होइन, युवामा उद्यमशीलता विकास गरी स्थानीय स्रोत–साधनको अधिकतम परिचालनमार्फत आर्थिक समृद्धिमा टेवा पुग्नेछ । उनले भने, 'शिक्षा र अर्थतन्त्रलाई जोड्ने पुल बहुपक्षीय संस्थागत सहकार्य नै हो ।'

कार्यक्रममा काठमाडौं विश्वविद्यालय शैक्षिक उत्कृष्टता केन्द्रका निर्देशक प्राध्यापक डा. काफ्लेले सहकार्यले क्याम्पसलाई अनुसन्धान र प्रयोगात्मक थलोका रूपमा विकास गर्न सकिने बताए। उनले क्याम्पसले आफ्नो पाठ्यक्रम र अनुसन्धानलाई समुदायको आवश्यकता र स्थानीय सन्दर्भसँग जोड्नुपर्नेमा जोड दिँदै विश्वविद्यालय र स्थानीय क्याम्पसबीचको सहकार्यले मौलिक ज्ञान तथा सीपलाई प्राज्ञिक दस्तावेजमा उतार्ने अवसर सिर्जना हुने उल्लेख गरे। उनले भने, 'क्याम्पसलाई अनुसन्धान केन्द्रका रूपमा प्रयोग गर्दा स्थानीय समस्याको समाधान स्थानीय स्तरमै खोज्न सकिन्छ ।'

यस्तै, व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले नगरपालिकालाई आवश्यक पर्ने शैक्षिक, प्राविधिक तथा प्रशासनिक जनशक्ति स्थानीय स्तरमै उत्पादन गर्नुपर्ने आवश्यकता औंल्याए। नगरको नीति निर्माण, सहरी विकास र सामाजिक सर्वेक्षणजस्ता कार्यमा उच्च शैक्षिक विज्ञहरूको बौद्धिक परामर्शले वैज्ञानिक तथा प्रभावकारी विकास योजना बनाउन सकिने उनको भनाइ थियो । नगरप्रमुख न्यौपानेले भने, 'नगर र क्याम्पसबीचको सहकार्यले स्थानीय विकासलाई दीर्घकालीन दिशा दिन सक्छ ।'

अन्तरक्रियामा गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख धर्मराज बराल, राष्ट्रिय निजी तथा आवासीय विद्यालयहरूको संगठन (एन–प्याप्सन)का केन्द्रीय उपाध्यक्ष दिपेन्द्र चौहान लगायतले पनि सहकार्यको आवश्यकता र सम्भावित कार्यक्रमबारे धारणा राखेका थिए । निजी विद्यालय र उच्च शिक्षाबीचको समन्वयले विद्यार्थीको शैक्षिक यात्रालाई सहज र व्यवस्थित बनाउन सकिने उनीहरूको भनाइ थियो ।




आदिकवि भानुभक्त क्याम्पसका अध्यक्ष केशबहादुर सुनारको अध्यक्षतामा आयोजित कार्यक्रममा क्याम्पसका उपाध्यक्ष श्रीराम कार्की, शैक्षिक जनशक्ति छनोट समितिका संयोजक प्रा.डा. ईश्वरचन्द्र वाग्ले, सदस्य मोहन गिरी, क्याम्पस प्रमुख महाप्रसाद हडखले, सहायक क्याम्पस प्रमुख बिमल गिरी, उपप्राध्यापक विष्णु हड्खले तथा प्रशासन सहायक सुदर्शन पोखरेल लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागी वक्ताहरूले सहकार्यलाई कागजमै सीमित नराखी कार्यान्वयन तहसम्म पुऱ्याउन कार्ययोजना निर्माण गर्नुपर्नेमा जोड दिएका छन् । नियमित प्राविधिक बैठक, संयुक्त अनुसन्धान, विद्यार्थी आदान–प्रदान कार्यक्रम, सीपमूलक तथा रोजगारोन्मुख पाठ्यक्रम सञ्चालन र स्थानीय तहसँग समन्वित विकास परियोजना अघि बढाउने प्रस्तावसमेत उठाइएको थियो।

तनहुँ जिल्लाको शैक्षिक उन्नयनका लागि क्याम्पसलाई केन्द्रमा राखेर अघि बढ्ने यस पहलले स्थानीय स्तरमै गुणस्तरीय उच्च शिक्षा सुनिश्चित गर्ने अपेक्षा गरिएको छ । बहुपक्षीय सहकार्य सफल भएमा आदिकवि भानुभक्त क्याम्पस तनहुँ मात्र होइन, गण्डकी प्रदेशकै एक नमूना शैक्षिक संस्थाका रूपमा स्थापित हुने विश्वास सहभागीहरूले व्यक्त गरेका छन् ।

## facebook twitter



**Narayan Amrit**
x.com/amritna

प्रतिज्ञा, बाचा र घोषणापत्र हात परे । शीरपाउ पढिन्छ । रमाइलो के भने– आज जतिबेला काठमाडौंमा प्रतिज्ञापत्र र यस वरपर प्रश्नहरूको जवाफ दिइरहेका थिए गगन थापा, उता कर्णालीमा बालेनले प्रकृती–विम्बन र सम्भावनाको ढोका 'नक नक' गरिरहेका थिए, बडो सटिक अभिव्यक्तिमा। गगनले बडो जिम्मेवारपूर्वक आफूलाई एकपछि अर्को विषयमा 'क्लियर' गरेको र योजनाहरू राखेको कुरा प्रंसशनीय छ नै। साथमा, उता बालेनले बाचापत्र सार्वजनिक गरेसँगै कर्णालीको रैथाने धुनमा नाचेको पनि कम सुन्दर छैन। लोकतन्त्रमा यी दुबै अनुहारप्रति मलाई आशा छ। मलाई मात्र होइन धेरै नेपालीलाई आशा छ ।

कसैले कसैलाई गाली नगरीकन आशाहरूको जगेर्ना गर्दा मात्र लोकतन्त्रको आन्तरिक जीवन चलायमान हुने हो। तर अन्यायलाई अन्याय भनिनुपर्छ। लोकतन्त्रमा प्रश्नहरूको स्थान शीरोपर हुनुपर्छ। सामाजिक सञ्जाल थुनेर युवाहरूलाई ताकि ताकि गोली हान्ने र धेरै आमाहरूको काख रित्ताएको सरकार प्रमुखले एक शब्द माफी नमागेका ओलीबारे भन्दा मलाई एमाले पार्टीप्रति चासो छ। त्यसैले घोषणा पत्र मात्र पछ्याइयो आज। एमालेले जुन दिन ओली पन्छाउँछ त्यो दिन यो दलको आत्मा भरिन्छ, राजनीतिक प्राण जाग्छ ।

# जेसिआई व्यासनगरद्वारा स्थापना दिवसमा सामाजिक सेवा कार्यक्रम

भञ्ज्याङ समाचारदाता/दमौली

जेसिआई व्यासनगरले आफ्नो ३२औं स्थापना दिवस तथा प्रजातन्त्र दिवसको अवसरमा विविध सामाजिक सेवा कार्यक्रम सम्पन्न गरेको छ । स्थापना दिवसलाई औपचारिक समारोहमा सीमित नराखी सामाजिक उत्तरदायित्वसँग जोड्दै संस्थाले 'जेसिज धारा सरसफाइ' कार्यक्रम सञ्चालन गरेको हो ।

समुदायका लागि उपयोगी सार्वजनिक धारा सरसफाइ गरी स्वच्छ वातावरण निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले गरिएको उक्त कार्यक्रममा जेसिस सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममार्फत स्वच्छता र नागरिक जिम्मेवारीबारे सकारात्मक सन्देश प्रवाह गरिएको आयोजकले जनाएको छ।

यसै अवसरमा प्रदेश अस्पताल दमौलीमा उपचाररत ४० जना बिरामीलाई फलफूल तथा जुस वितरण गरिएको थियो। वितरण कार्यक्रममा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कमला मोहन वाग्ले तथा अस्पतालका प्रमुख डा. परिवर्तन बरालको उपस्थितिमा बिरामीहरूलाई सामग्री हस्तान्तरण गरिएको जनाइएको छ। बिरामीको स्वास्थ्य लाभको कामना गर्दै गरिएको उक्त सहयोगले अस्पतालमा उपचाररत बिरामी तथा उनका आफन्तमा सकारात्मक सन्देश पुगेको बताइएको छ।

कार्यक्रमकै क्रममा उपचाररत एक जना बिरामीको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको र थप उपचारका लागि पोखरा लैजानुपर्ने अवस्था देखिएपछि जेसिआई व्यासनगरका सदस्यहरूबाट रू. ८ हजार ५ सय आर्थिक सहयोग संकलन गरिएको छ । संकलित रकम बिरामीको उपचार सहयोगार्थ प्रदान गरिएको संस्थाले जनाएको छ। उक्त बिरामीलाई दमौलीबाट पोखरा स्थानान्तरण गर्न जेसिआई व्यासनगरको सहजीकरणमा व्यासनगर नगरपालिकाको एम्बुलेन्स व्यवस्था समेत गरिएको थियो। आकस्मिक अवस्थामा मानवीय संवेदनशीलता देखाउँदै गरिएको यस सहयोगप्रति स्थानीयस्तरमा सराहना गरिएको छ।



संस्थाले स्थापना दिवसको अवसरमा गरिएको सामाजिक सेवामूलक कार्यक्रमलाई आगामी दिनमा समेत निरन्तरता दिने प्रतिबद्धता जनाएको छ । कार्यक्रम सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सम्पूर्ण जेसिस सदस्य, सहयोगी तथा शुभेच्छुकप्रति जेसिआई व्यासनगरले हार्दिक धन्यवाद व्यक्त गरेको छ।

# दलका घोषणापत्रमा कृषि : एम्बुलेन्सदेखि .........

**नेपाली कम्युनिस्ट पार्टी : योगदानमा आधारित पेन्सन**

नेपाली कम्युनिष्ट पार्टीले कृषिलाई सामाजिक सुरक्षा र अधिकारसँग जोडेको छ । पार्टीले आगामी १० वर्षलाई 'कृषि लगानी दशक' घोषणा गर्दै किसानलाई वर्गीकरण गरी परिचयपत्रका आधारमा 'योगदानमा आधारित पेन्सन' दिने नौलो एजेन्डा अघि सारेको छ । दुई वर्षभित्र धान, गहुँ लगायत खाद्यान्नमा आत्मनिर्भर बन्ने र 'भोकमुक्त नेपाल' घोषणा गर्ने उसको लक्ष्य छ । यो पार्टीले औषधीय प्रयोजनका लागि 'गाँजा खेती' को सम्भाव्यता अध्ययन गरी कानुनी व्यवस्था मिलाउने पनि भनेको छ। किसानले बाली लगाउनुपूर्व नै समर्थन मूल्य तोक्ने, अग्रिम खरिद सम्झौता गर्ने र आयातित तरकारीमा विषादी परीक्षण कडाइ गर्नेजस्ता विषय उसको प्राथमिकतामा छन् ।

**रास्वपा: फिनटेक र एग्रिटेक**

नयाँ शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले भने कृषिमा प्रविधि 'फ्युजन' खोजेको छ । परम्परागत शैलीको विकल्पमा 'फिनटेक' (वित्तीय प्रविधि) र 'एग्रिटेक' (कृषि प्रविधि) मार्फत उत्पादकत्व बढाउने उसको योजना छ । रास्वपाले नेपालमै उत्पादन सम्भव भएका वस्तु आयात रोक्न कानुनी सुधार गर्ने र कृषिजन्य उद्योगलाई कर छुट तथा ऊर्जामा सहुलियत दिने वाचा गरेको छ । कृषि उपज उत्पादनदेखि उपभोगसम्मको चक्रलाई प्रविधिमैत्री बनाउँदै बिचौलिया अन्त्य गर्ने र स्वदेशी बिजुली खपत बढाउन मल कारखाना खोल्ने उसको रणनीति छ ।

**राप्रपा : अनुदान संयन्त्र**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले भने सुशासन र अनुदान दुरूपयोग रोक्ने विषयलाई मुख्य मुद्दा बनाएको छ । हालको अनुदान प्रणालीले केवल 'कार्यकर्ता पोस्ने' काम गरेको भन्दै राप्रपाले वास्तविक किसानको हातमा अनुदान पुऱ्याउने संयन्त्र बनाउने प्रतिबद्धता जनाएको छ । पहाडी र हिमाली क्षेत्रमा जडीबुटी र फलफूल खेतीको सम्भावना क्यास गर्न त्यहाँ खुल्ने उद्योगलाई कर छुट दिने, मासु र कृषि उपज निर्यात सहजीकरण गर्ने र मल कारखाना स्थापनामा निजी क्षेत्रसँग सहकार्य गर्ने उसको योजना छ ।

**उनेपा : पहाडको पानी मधेसमा, मधेसका नागरिक पहाडमा**

सिँचाइ र विद्युत् व्यवस्थापनमा ख्याति कमाएका कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी (उनेपा) ले 'पहाडको पानी मधेसमा, मधेसका नागरिक पहाडमा' भन्ने नारासहित सिँचाइ क्रान्ति घोषणा गरेको छ ।

सुनकोशी–मरिन, भेरी–बबईजस्ता आयोजना सम्पन्न गरी ५ वर्षमा ३ लाख हेक्टर जमिन सिञ्चित गर्ने र किसानको 'डिजिटल आईडी' मार्फत सिधै बैंक खातामा अनुदान पठाउने प्रणाली विकास गर्ने उनेपाको प्रतिबद्धता छ । उसले कृषि र ऊर्जा जोडेर रोजगारी सिर्जनाको आधार तयार पार्ने बताएको छ ।

**जसपा: वैज्ञानिक चक्लाबन्दी र सहकारी खेती**

जनता समाजवादी पार्टी (जसपा) ले जमिन खण्डीकरणलाई कृषिको मुख्य बाधक मान्दै वैज्ञानिक चक्लाबन्दी र सहकारी खेतीमा जोड दिएको छ । जसपाले परम्परागत खेतीको सट्टा आधुनिक 'भर्टिकल फार्मिङ' अवधारणा अघि सार्दै यसैका माध्यमबाट लाखौं रोजगारी सिर्जना गर्ने दाबी गरेको छ । शीतभण्डार निर्माण र बजारको ग्यारेन्टी गर्दै कृषिलाई प्रतिस्पर्धी बनाउने उसको योजना छ ।

**प्रलोपा : एआई, बायो र नानो टेक्नोलोजी**

प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले विज्ञान र प्रविधिलाई कृषिमा भित्र्याउने कुरा गरेको छ। 'एआई, बायो र नानो टेक्नोलोजी' प्रयोग गरी मल र बिउबिजनको उत्पादकत्व बढाउने घोषणापत्रमा उल्लेख गरेको छ ।

कृषि उद्यमीलाई ५ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउने, १० वर्षमा उत्पादकत्व दोब्बर बनाउने र सरकारले तोकेको मूल्यमा कृषि उपज खरिद गर्ने बाध्यात्मक व्यवस्था गर्ने प्रलोपाको प्रतिबद्धता छ । उसले वैज्ञानिक भूमिसुधार र भूउपयोग नीतिमार्फत जमिन दुरूपयोग रोक्ने संकल्प पनि गरेको छ ।

समग्रमा हेर्दा सबै दलले स्वदेशमै रासायनिक मल कारखाना खोल्ने, सिँचाइ सुविधा विस्तार गर्ने, बिचौलिया अन्त्य गर्ने र आयात प्रतिस्थापन गर्ने विषयमा समान धारणा राखेका छन् ।

तर, कांग्रेसको 'बजेटको ग्यारेन्टी र एम्बुलेन्स', एमालेको 'औद्योगिक मोडेल', नेपाली कम्युनिष्ट पार्टीको 'पेन्सन र गाँजा', रास्वपा र प्रलोपाको 'हाई–टेक कृषि' तथा राप्रपाको 'सुशासन' र जसपाको 'चक्लाबन्दी' ले मतदातालाई फरक–फरक विकल्प दिएका छन् ।

घोषणापत्रका यी आकर्षक नारा सिंहदरबारको नीति तथा कार्यक्रममा रूपान्तरित भएर खेतबारीसम्म आइपुग्छन् वा कागजमै सीमित हुन्छन्, त्यो भने निर्वाचनपछिको कार्यान्वयन पक्षले नै देखाउने छ । मतदाताका लागि भने दलहरूले स्पष्ट र फरक–फरक विकल्पका 'मेनु' पस्किएका छन् । रातोपाटीबाट

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोन: ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४